## ओमसतिया गाउँपालिकाको मिति २०७५।६।२८ गतेको कार्यपालिका बैठकका निर्णयहरु

### निर्णयहरु

१. **निर्णय नं. १:-** ओमसतिया गा.पा. लाई भगत सर्वजित स्मृति प्रतिष्ठानद्धारा हस्तान्तरण गरिएको एम्बुलेन्स व्यवस्थित र पारदर्शि तवरले संचालन गर्न ओमसतिया गा.पा. को एम्बुलेन्स संचालन कार्यविधि, २०७५ पारित गर्ने निर्णय गरियो ।

२. निर्णय नं.२ :- ओमसतिया गा.पा.लाई कृषि क्षेत्रको हब का रुपमा स्थापित गर्न कृषि क्षेत्रको व्यासायिकिकरण गर्नका लागि ओमसतिया गा.पा. को कृषि व्यवसाय संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ पारित गरि स्वीकृतीका लागि गाँउ सभामा पेश गर्ने निर्णय गरियो ।

३. निर्णय नं. ३ :-

**i** ) ईलाका प्रहरी कार्यालय ओमसतियालाई कार्यालय व्यवस्थापन गर्न रु. १ लाख बराबरको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो । साथै यस गा.पा. भित्र रहेका प्रहरी चौकीहरु एवं ओमसतिया गा.पा. लाई कार्यक्षेत्र बनाएका प्रहरी चौकीहरुलाई प्रति चौकी अधिकतम ४००००।- (चालिस हजार मात्र ) कार्यालय व्यवस्थापन एवं संचालनको लागि आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**ii** ) श्री नव दुर्गा पूजा समिति, ओमसतिया -६ बेलहिया रुपन्देहीलाई दुर्गा मन्दिरको शिलन्यास एवं दुर्गा पूजा गर्नका लागि रु. २००००।- (अक्षरुपी विस हजार मात्र) दुर्गा समिति नरैनापुरलाई दुर्गा पूजाका लागि रु. २००००।- (अक्षरुपी बिस हजार मात्र ) र विराट दंगल कुश्ती, तिलोत्तमा -१७ कानपुरालाई ५०००।- (अक्षरुपी पाँच हजार मात्र ) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकिय अधिकृत